FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)

# गैरआवासीय नेपाली संघ

Ref. N-25/013-15

**बधाई तथा शुभकामना !!**

नेपाली जनताको ६५ बर्षदेखिको सपना साकार पार्दै संविधानसभाले 'नेपालको संविधान–२०७२' पारित गरेकोमा हामी संसारभर रहेका गैरआवासीय नेपालीहरु हर्षित छौं ।

यो ऐतिहासिक खुसीको क्षणमा हामी सम्पूर्ण नेपाली जनतामा हार्दिक बधाई ज्ञापन गर्दै मुलुकको सम्बृद्धि र प्रगतिका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

नयाँ संविधान जारी भएसंगै अब मुलुकले राजनीतिक स्थितरता पाउने र आर्थिक सम्बृद्धिको युग सुरुवात हुने हामीले बिश्वास लिएका छौं । मातृभूमीको सम्बृद्धिमा योगदान दिन बिदेशमा सिकेको सीप र पूँजी भित्राएर लगानी गर्ने हाम्रो झण्डै एक दशकदेखि अथक प्रयासले पनि अब सार्थकता पाउने हाम्रो विश्वास छ ।

गैरआवासीय नेपालीले लामो समयदेखि माग गर्दै आएको 'नेपाली नागरिकताको निरन्तरता'को मागलाई सम्बोधन गर्दै नयाँ संविधानले गैरआवासीय नेपाली नागरिकताको प्राबधान पारित गर्नु हाम्रा लागि अर्को खुसीको बिषय हो । यसका लागि म सम्पूर्ण गैरआवासीय नेपाली समुदायलाई हार्दिक बधाई ज्ञापन गर्दै यसलाई साकार पार्न योगदान गर्नुहुने गैरआवासीय नेपाली अभियन्ताहरु, सभासदज्यूहरु, राजनीतिक नेतृत्व एवं सम्पूर्ण सहयोगीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

हाम्रो चाहना बमोजिम नेपाल सरकारले नागरिकताको ब्यबस्था गरिसकेको अबस्थामा अब हामीले हाम्रा वाचा पुरा गर्ने र नेपालमा सीप र ज्ञानको लगानी बढाउने दायित्व हाम्रो काँधमा आएको म सम्पूर्ण गैरआवासीय नेपाली समुदायलाई स्मरण गराउन चाहान्छु ।

अन्तमा, नेपाली जनताको करिव ६ दशक लामो सपना पुरा गर्न आफ्नो ज्यानको आहुति दिने, लामो समयसम्म राजनीतिक संर्घष गरी यसलाई सफल तुल्याउन योगदान गर्नुहुने सवैप्रति गैरआवासीय नेपाली संघ हार्दिक सम्मान ब्यक्त गर्दछ ।

नयाँ संविधान जारी हुने दिन नेपालको इतिहासमा नयाँ बिहानी सावित होस्, यसले मुलुकमा स्थायित्व र सम्बृद्धिको ढोका खोलोस् भनी हामी हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

शेष घले
अध्यक्ष
अन्तर्राष्ट्रिय समन्वयपरिषद,
गैरआवासीय नेपाली संघ ।
मिति : २०७२।५।३१